आज मिति २०८२।१०।२० गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, वरिष्ठ शाखा अधिकृत
२. तेज कुमार धमला, अधिकृत छैठौं
३.

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताब पेश कार्यसूची

बैठक संख्याः ६६
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८२।१०।२०
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।१०।२० | ११:०० बजे | शोक प्रस्ताब सम्बन्धमा। | प्रशासन शाखा | १ |
| २०८२।१०।२० | ११:०५ बजे | सङ्घीय समपुरक र विशेष अनुदान अन्तर्गतका योजना छनौट सम्बन्धमा। | योजना/पूर्वाधार शाखा | २ |
| २०८२।१०।२० | ११:१० बजे | प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गतका योजना छनौट सम्बन्धमा। | योजना/पूर्वाधार शाखा | ३ |
| २०८२।१०।२० | ११:१५ बजे | तराई मधेश समृद्धि कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा। | योजना/पूर्वाधार शाखा | ४ |
| २०८२।१०।२० | ११:२० बजे | विपद् तथा जलवायु उत्थानशील योजना, २०८२ सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०८२।१०।२० | ११:२५ बजे | गाउँपालिका र सामुदायिक सूचना नेटवर्क (सिआईएन) बीच सहकार्य सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ६ |
| २०८२।१०।२० | ११:३० बजे | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई लक्षित गरी स्थलगत निरिक्षणमा जान ईलाका प्रहरी कार्यालय मुग्लिङलाई इन्धन उपलब्ध गराउने सम्बन्धमा। | जिन्सी शाखा | ७ |
| २०८२।१०।२० | ११:३५ बजे | तमू लोसार पर्व-२०८२ को अवसरमा आयोजना गरिएको कार्यक्रमलाई आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ८ |
| २०८२।१०।२० | ११:४० बजे | सडक बोर्ड नेपालसँगको साझेदारीमा सञ्चालित बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने सम्बन्धमा। | योजना/पूर्वाधार शाखा | ९ |
| २०८२।१०।२० | ११:४५ बजे | स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय अनुमोदन सम्बन्धमा। | स्वास्थ्य शाखा | १० |
| २०८२।१०।२० | ११:५० बजे | उपरदाङगढी कोत घर उद्घाटन तथा तोप हस्तान्तरण कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ११ |
| २०८२।१०।२० | ११:५५ बजे | गाउँपालिका भित्र पर्ने नदि तथा खोलाहरुमा जम्मा भएर रहेको नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रिवितरण गर्ने प्रयोजनार्थ IEE गर्नको लागि तयार पारिएको TOR स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १२ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २०८२।१०।२० | १२:०० बजे | माघे संक्रान्ति पर्व, २०८२ को अवसरमा नेपाल मगर सङ्घ इच्छाकामना गाउँ समन्वय समिति, चितवनले आयोजना गरेको शुभकामना आदानप्रदान तथा विविध साँस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १३ |
| २०८२।१०।२० | १२:०५ बजे | वडा नं. ७ सिर्जनशिल टोलमा पर्ने सिंचाई कुलो बर्षाको समयमा आएको बाढीले बगाएकोले उक्त कुलो मर्मतको लागि ग्याविन जाली उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १४ |
| २०८२।१०।२० | १२:१० बजे | मोटर बोट ईन्जिन र जेस्टाकी सञ्चालनको लागि के. एस. चौतारी कम्पनी प्रा.लि. लाई अनुमति प्रदान गर्ने सम्बन्धमा। | प्रशासन शाखा | १५ |
| २०८२।१०।२० | १२:१५ बजे | कर्मचारीको तह बृद्धि सम्बन्धमा। | प्रशासन शाखा | १६ |
| २०८२।१०।२० | १२:२० बजे | वडा नं. ३ मा रहेको श्री गणेश राष्ट्रिय आधारभूत विद्यालय ओरेकको विद्यालय भवन रङ्गरोगनको लागि बजेट व्यवस्थापन सम्बन्धमा। | शिक्षा शाखा | १७ |
| २०८२।१०।२० | १२:२५ बजे | गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको लेखापरिक्षण गर्ने प्रयोजनको लागि लेखापरिक्षक छनौट सम्बन्धमा। | शिक्षा शाखा | १८ |
| २०८२।१०।२० | १२:३० बजे | गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सेवा करारमा कार्यरत शिक्षकहरुको करार म्याद थप सम्बन्धमा। | शिक्षा शाखा | १९ |
| २०८२।१०।२० | १२:३५ बजे | फ्रेम सहितको नेपालको नक्सा खरिदको रकम भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २० |
| २०८२।१०।२० | १२:४० बजे | इलाका प्रहरी कार्यालय, मुग्लिङ्ग, चितवनलाई ना१ब ३८२५ नम्बरको मोटरसाईकल हस्तान्तरण सम्बन्धमा। | जिन्सी शाखा | २१ |

दान बहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

पूर्व बैठकको समीक्षा

मिति २०८२।०९।०९ मा बसेको ६५ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

मिति २०८२।१०।२० मा बसेको ६६ औं कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं.१: यस गाउँपालिकाको उपाध्यक्ष श्री माया सिलवालज्यूको श्रीमान चुडामणी सिलवालको मिति २०८२।१०।०८ गतेका दिन ५६ बर्षको उमेरमा भएको असामहिक निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना सहित शोक सन्तप्त परिवार एवं आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने।

निर्णय नं.२: आ.व. २०८३।०८४ को लागि सङ्घीय समपुरक तथा सङ्घीय विशेष अनुदान तर्फका योजनाहरुको देहाय बमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने।

देहाय:

| सङ्घीय समपुरक अनुदान तर्फको योजना | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | जलविरे-ढुङ्ग्रे सडक स्तरोन्नती | ६ | २ करोड |
| सङ्घीय विशेष अनुदान तर्फको योजना | | | |
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | ढुङ्ग्रे मा.वि., इ.गा.पा.-६, चितवन विद्यालय भवन निर्माण | ~~५~~ ६ | ३ करोड |

निर्णय नं.३: आ.व. २०८३।०८४ को लागि प्रदेश समपुरक तथा प्रदेश विशेष अनुदान तर्फका योजनाहरुको देहाय बमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने।

देहाय:

| प्रदेश समपुरक अनुदान तर्फका योजनाहरु | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | वल्र्याङ हपनी सडक स्तरोन्नती | २ | २ करोड |
| २. | कालिङ-जौतेस-थाप्राङ-चौकीडाँडा सडक स्तरोन्नती | १ | २ करोड |
| प्रदेश विशेष अनुदान तर्फका योजनाहरु | | | |
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | श्री राष्ट्रिय आधारभूत विद्यालय, पामडाँडा इ.गा.पा.-५, विद्यालय भवन निर्माण | ~~६~~ ५ | २ करोड |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**निर्णय नं.४:** आ.व. २०८३।०८४ को लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका योजनाको लागि देहाय बमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने।

**देहाय:**

| तराई मधेश समृद्धि कार्यक्रम तर्फका योजनाहरु | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | टयाङ्की चोक-गुरुङ गुम्बा-स्याङ्दी-ढाँडबारी सडक, वडा नं. ७ कालोपत्रे | ७ | ३ करोड ३० लाख |

**निर्णय नं.५:** इच्छाकामना गाउँपालिका, विपद् तथा जलवायु उत्थानशील योजना, २०८२ स्वीकृत गर्ने।

**निर्णय नं.६:** यस गाउँपालिका र सामुदायिक सूचना नेटवर्क (CIN) बीचको आपसी सम्झौता र सहकार्यमा गाउँपालिकाका गतिविधिहरु प्रसारण गरी देशव्यापी रुपमा प्रचारप्रसार गर्न बढिमा रु. ३०,०००।- (अक्षरेपि तीस हजार मात्र) सामुदायिक सूचना नेटवर्क (CIN) लाई उपलब्ध गराउने।

**निर्णय नं.७:** प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई लक्षित गरी मतदानस्थलहरुको अनुगमन तथा स्थलगत निरिक्षणमा जान ईलाका प्रहरी कार्यालय मुग्लिङलाई २००(दुई सय) लि. इन्धन उपलब्ध गराउने।

**निर्णय नं.८:** तमू लोसार पर्व-२०८२ को अवसरमा २०८२ पौष १३, १४ र १५ गते आयोजना गरिएको विविध कार्यक्रमलाई आर्थिक सहायता स्वरुप बढिमा रु. १,००,०००।-(अक्षरेपि एक लाख मात्र) भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट प्राप्त बिल भर्पाईका आधारमा तमू ल्होसार पर्व मूल समारोह समिति-२०८२ लाई उपलब्ध गराउने।

**निर्णय नं.९:** आ.व. २०८२।०८३ मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि सडक बोर्ड नेपालबाट विनियोजित बजेट कार्यान्वयन गर्न गत आ.व. मा समेत छनोटमा परेको जलविरे-चनौटे सडक मर्मत सुधार योजनालाई निरन्तरता दिँदै उक्त योजना सञ्चालनको लागि आवश्यक प्रकृया पुरा गरी बोर्डबाट सहमति लिने।

**निर्णय नं.१०:** यस गाउँपालिकाको ४ नं. वडाका वडा सदस्य श्री जित बहादुर मगर (ना.प्र.प.नं.८७६/०३४) को स्वास्थ्यमा गम्भिर समस्या आई चितवन मेडिकल कलेजमा उपचाररत रहेको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको भनी वडा कार्यालयको सिफारिस सहित उपचार खर्च सहायता माग भई आएकोमा विपन्न नागरिक उपचार आर्थिक सहायता शिर्षकबाट रु.१५,०००।- (अक्षरेपि पन्ध्र हजार मात्र) उपचार खर्च सहायता उपलब्ध गराउने गाउँपालिका अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने।

**निर्णय नं.११:** मिति २०८२।०९।२३ गते ७ नं. वडामा सम्पन्न उपरदाङगढी कोत घर उद्घाटन तथा तोप हस्तान्तरण कार्यक्रममा भएको खर्च रु. ४,७०,०८४।- (अक्षरेपि चार लाख सत्तरी हजार चौरासी मात्र) अनुमोदन गर्ने।

**निर्णय नं.१२:** यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने वडा नं. ४ को त्रिशुली नदी बगर, वडा नं. ६ को रिग्दी खोला बगर तथा वडा नं. ७ को खगेरी खोला, रानीभोटी खोला र स्याङ्दी खोला बगरहरुमा जम्मा भएर रहेको नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रिवितरण गर्ने प्रयोजनार्थ IEE गर्नको लागि तयार पारिएको TOR स्वीकृत गर्ने अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**निर्णय नं.१३:** माघे संक्रान्ति पर्व, २०८२ को अवसरमा नेपाल मगर संघ इच्छाकामना गाउँ समन्वय समिति, चितवनले आयोजना गरेको शुभकामना आदानप्रदान तथा विविध साँस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग बापत प्राप्त बिल भर्पाइका आधारमा बढिमा रु.१,००,०००।-(अक्षरेपि एक लाख मात्र) रकम भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं.१४:** ७ नं. वडाको सिर्जनशिल टोल अन्तर्गत झुलघारीमा पर्ने सिंचाई कुलो बर्षाको समयमा आएको बाढीले बगाएकोले उक्त कुलो मर्मतको लागि प्राविधिकबाट तयार पारिएको स्टिमेट अनुसारको ग्याबिन जाली बाँझो जमिनको प्रयोगमा सहयोग तथा साना सिंचाई कार्यक्रमबाट खर्च लेख्ने गरी उपलब्ध गराउने।

**निर्णय नं.१५:** के. एस. चौतारी कम्पनी प्रा.लि. गोरखाले बाह्य तथा आन्तरिक पर्यटकलाई लक्षित गरी यस गाउँपालिकाको सिमानामा पर्ने त्रिशुली नदी देखि देवघाटसम्म मोटर बोट ईन्जिन र जेस्टाकी सञ्चालनको लागि वातावरणीय अध्ययनको लागि सिफारिस माग गरेकोले उक्त कम्पनीलाई वातावरणीय अध्ययनको लागि सिफारिस प्रदान गर्ने।

**निर्णय नं.१६:** २०८२ पौष मसान्तभित्र ५ बर्ष सेवा अवधि पुरा भएको तपसिलमा उल्लिखित कर्मचारीको बागमती प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९(२) तथा दफा ३०(१) बमोजिम सम्पूर्ण आवश्यक योग्यता पुरा भई दफा ३०(२) बमोजिम माघ १ गते देखि लागू हुने गरी एक तह बृद्धि गर्ने निर्णय अनुमोदन गर्ने।

तपसिल:

| क्र.सं. | कर्मचारीको नाम थर | हालको पद र तह | संकेत नम्बर | शुरु नियुक्ति मिति | बृद्धि हुने पद र तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | लोक बहादुर बराल | बरिष्ठ सहायक, पाँचौ (प्रशासन सेवा, सा. प्रशासन समूह) | २३८३५० | २०७७।०८।१७ | अधिकृत छैटौं (प्रशासन सेवा, सा. प्रशासन समूह) | मिति २०८२।०८।१७ देखि ज्येष्ठता लागू हुने |

साथै, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को परिच्छेद-३, दफा ६ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम यस कार्यालयमा सूचना प्रविधि अधिकृत, अधिकृतस्तर छैटौं तहमा कार्यरत कर्मचारी श्री श्रीराम त्रिपाठीलाई मिति २०८२ माघ १ गतेदेखि लागू हुनेगरी सूचना प्रविधि अधिकृत अधिकृतस्तर सातौं तहको पदमा रही कामकाज गर्ने गरी करार सम्झौता गरी कामकाजमा खटाउने।

**निर्णय नं.१७:** श्री गणेश राष्ट्रिय आधारभूत विद्यालय, इच्छाकामना-३, ओरेकको विद्यालय भवन रङ्गरोगन कार्यको लागि प्राविधिक लागत अनुमान अनुसार शैक्षिक संस्था सहायता शिर्षकबाट बढिमा रु. ५०,०००।-(अक्षरेपि पचास हजार मात्र) खर्च लेख्ने गरी बजेट व्यवस्थापन गर्ने।

**निर्णय नं.१८:** यस गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुको आ.व. २०८१।०८२ को लेखापरीक्षण गर्नको लागि तपसिल बमोजिमका लेखापरीक्षक फर्महरुलाई तपसिल बमोजिमका विद्यालयहरुमा खटाउने।

तपसिल:

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दल बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| क्र.स | विद्यालयको नाम | सम्पर्क नं | लेखापरीक्षक फारमको नाम | सम्पर्क.न |
|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय मावि हात्तिबाङ्ग इ. गापा १ | ९८४५२१३१०३ | तिमिल्सेना एण्ड एसोसिएट्स | ९८४६१४१७३८ |
| २ | श्री राष्ट्रिय आवि भाराङ्ग इ.गा.पा १ | ९८४५७७४१८२ | नि. जीत श्रेष्ठ एण्ड एसोसिएट्स | ९८४१२८५४८४ |
| ३ | श्री जनता आवि विद्यालय राङचुराङ इ.गा.पा १ | ९८४५३४५५०३ | ए. एस. के. एण्ड एसोसिएट्स | ९८५५०५५००५ |
| ४ | श्री जीवन ज्योति आधारभूत विद्यालय इ.गा.पा १ | ९८४१०६५८४२ | शंकर घिमिरे एण्ड एसोसिएट्स | ९८४६०६५००९ |
| ५ | श्री राष्ट्रिय आधारभूत विद्यालय तिपाङ खैरेस इ.गा.पा १ | ९८४१७०७३३८ | एन. डी. शर्मा एण्ड एसोसिएट्स | ९८५१४१६१३१ |
| ६ | श्री सिरायचुली आधारभुत विद्यालय ज्यानदाला इ.गा.पा १ | ९८२३३०६३६७ | इ.एन. शर्मा एण्ड एसोसिएट्स | ९८५५०६५५६८ |
| ७ | श्री चित्रकाली आधारभुत विद्यालय डिबारी इ.गा.पा १ | ९८०६८२१२३३ | के. पोखरेल एण्ड एसोसिएट्स | ९८६००३८७६५ |
| ८ | श्री जनप्रिय माध्यामिक विद्यालय काउले इ.गा.पा २ | ९८४५३६४३३८ | आए. एन. अधिकारी एण्ड एसोसिएट्स | ९८४५०४५४७३ |
| ९ | श्री राष्ट्रिय आधारभूत विद्यालय मायाटार इ.गा.पा २ | ९८४५१९६३८० | नेमराज एण्ड एसोसिएट्स | ९८५५१६६३९५ |
| १० | श्री राष्ट्रिय आधारभूत विद्यालय वल्र्याङ इ.गा.पा २ | ९८४१६४९६१७ | सि.कविता एण्ड एसोसिएट्स | ९८५१४६६००० |
| ११ | श्री सरस्वती आधारभूत विद्यालय मैतेष इ.गा.पा २ | ९८४५४०६०७१ | वि. कास्थ्य एण्ड कम्पनी | ९८४१२७२३८९ |
| १२ | श्री नेत्रज्योती रा.आ विद्यालय बासपुर इ.गा.पा २ | ९८४५४४५७०४ | लबजु एसोसिएट्स | ९८५११६६९०५ |
| १३ | श्री राष्ट्रिय आधारभूत विद्यालय हुस्ती देविटार इ.गा.पा २ | ९८६०३८०३८३ | आर.आर. पाण्डे एण्ड एसोसिएट्स | ९८४५०५५३४४ |
| १४ | श्री राष्ट्रिय आधारभूत विद्यालय भोटेगाँउ इ.गा.पा २ | ९८४५०१३१३० | शि. वि. अधिकारी एण्ड कम्पनी | ९८४५०४२१४३ |

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

| क्र.स | विद्यालयको नाम | सम्पर्क नं | लेखापरीक्षक फारमको नाम | सम्पर्क.न |
|---|---|---|---|---|
| १५ | श्री सिद्धकालीका रा. आ. विद्यालय छापडाँडा इ.गा.पा २ | ९८६५१३८१३६ | एक. के. एस. एण्ड एसोसिएट्स | ९८४१४५३५५० |
| १६ | श्री भुलभुले आधारभूत विद्यालय तोबाङ इ.गा.पा २ | ९८४५०२०१२८ | सोम बस्नेत एण्ड एसोसिएट्स | ९८४१३४४२८३ |
| १७ | श्री सुर्यज्योती राष्ट्रिय आ. विद्यालय डाडाँगाउ इ.गा.पा २ | ९८४५३४३८९० | एल. डी. सापकोटा एण्ड एसोसिएट्स | ९८४७६०३९८८ |
| १८ | श्री आदर्श राष्ट्रिय आ.विद्यालय ल्यामदार इ.गा.पा २ | ९८६६०१५९१० | केशव कुमार शर्मा एण्ड एसोसिएट्स | ९८६२३३८०३९ |
| १९ | श्री माझगाउँ माध्यामिक विद्यालय इ.गा.पा ३ | ९८४६२७१८८८ | श्री दराई एसोसिएट्स | ९८५५०६००२८ |
| २० | श्री राष्ट्रिय आधारभूत विद्यालय फिस्लिङ इ.गा.पा ३ | ९८६१७०२८०४ | श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स | ९८०१११४११० |
| २१ | श्री राष्ट्रिय आधारभूत विद्यालय धुषा इ.गा.पा ३ | ९८४५२०३०६४ | एल. पौडेल एण्ड एसोसिएट्स | ९८०९७९७०४५ |
| २२ | श्री राष्ट्रिय आ.विद्यालय चौतारा आलडाडा इ.गा.पा ३ | ९८६९३९४७०९ | टी. एन. खनाल एण्ड एसोसिएट्स | ९८४१२१२६०५ |
| २३ | श्री राष्ट्रिय आधारभूत विद्यालय कमेरे इ.गा.पा ३ | ९८४५२०९०३६ | डी. पि. लामिछाने एण्ड एसोसिएट्स | ९८४५०४४९४५ |
| २४ | श्री गणेश राष्ट्रिय आधारभूत विद्यालय ओरेक इ.गा.पा ३ | ९८१६२४५८१० | एन. पी. एसोसिएट्स | ९८५५०५४३४४ |
| २५ | श्री राष्ट्रिय आधारभूत विद्यालय चैबुङ इ.गा.पा ३ | ९८४५२७६०६८ | एम. एस. एसोसिएट्स | ९८४१२७६१६३ |
| २६ | श्री सर्वशान्ति माध्यमिक विद्यालय इच्छाकामना इ.गा.पा४ | ९८४५१५६८०३ | सुविज एण्ड एसोसिएट्स | ९८५१२५४१६५ |
| २७ | श्री राष्ट्रिय आधारभूत विद्यालय लामिडाडा इ.गा.पा ४ | ९८४५८९१६९८ | वाई. काफ्ले एण्ड कम्पनी | ९८४५०७९०३० |
| २८ | श्री अमरदिप राष्ट्रिय आ. विद्यालय साराथोक इ.गा.पा ४ | ९८४९०८१७१३ | डी.वि. क्षेत्री एण्ड एसोसिएट्स | ९८५१०५७३११ |
| २९ | श्री सिद्धकामना राष्ट्रिय आ. विद्यालय डाडाबारी इ.गा.पा ४ | ९८४५७७३१४४ | रवि एण्ड कम्पनी | ९८४१३०१४०३ |
| ३० | श्री चक्रदेवि रा.आ. वि स्याकलाङ इइ.गा.पा ४ | ९८४५१४१५३० | चम्लागाई एण्ड कम्पनी | ९८६३६४४१८३ |

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवन बागमति प्रदेश, नेपाल

| क्र.स | विद्यालयको नाम | सम्पर्क नं | लेखापरीक्षक फारमको नाम | सम्पर्क.न |
|---|---|---|---|---|
| ३१ | श्री बकुल्लहरी रा.आ. वि लेवाटार इ.गा.पा ४ | ९८४५२२०३७४ | एल. वि. थापा एण्ड एसोसिएट्स | ९८४६३२४४३८ |
| ३२ | श्री त्रिवेणी बराह माद्यामिक विद्यालय इ.गा.पा ५ | ९८४५०५३१९७ | सरु एण्ड एसोसिएट्स | ९८०१९२०१८१ |
| ३३ | श्री राष्ट्रिय आधारभूत विद्यालय पामडाडा इ.गा.पा. ५ | ९८४५०६७७९४ | नारायण गौतम एण्ड एसोसिएट्स | ९८४१३७८२७३ |
| ३४ | श्री राष्ट्रिय आधारभूत विद्यालय तामिन इच्छाकामना इ.गा.पा ५ | ९८२६२७९१०० | के. गिरी एण्ड एसोसिएट्स | ९८६२३३८०११ |
| ३५ | श्री माद्यमिक विद्यालय ढुङ्ग्रे इ.गा.पा ६ | ९८४५०६७२२४ | टी. एन. खनाल एण्ड एसोसिएट्स | ९८४१२१२६०५ |
| ३६ | श्री राष्ट्रिय आधारभूत विद्यालय चनौटे इ.गा.पा ६ | ९८४५३७७७४० | हरिकृष्ण एण्ड एसोसिएट्स | ९८१४८२१४५७ |
| ३७ | श्री राष्ट्रिय आधारभूत विद्यालय कुयलघारी इ.गा.पा ६ | ९८४६२८७६७५ | नारायण गौतम एण्ड एसोसिएट्स | ९८४१३७८२७३ |
| ३८ | श्री राष्ट्रिय आधारभूत विद्यालय पैरनी इगापा ६ | ९८६०४२८७९६ | नारायण गौतम एण्ड एसोसिएट्स | ९८४१३७८२७३ |
| ३९ | श्री देविभन्ज्याङ राष्ट्रिय आधारभूत विद्यालय कालीखोला इ.गा.पा ६ | ९८४५११३९०० | जे. एल. बस्याल एण्ड कम्पनी | ९८५१२२३६१७ |
| ४० | श्री राष्ट्रिय आधारभूत विद्यालय तुन्तेष इ. गा.पा. ६ | ९८६५२०८२०२ | नारायण गौतम एण्ड एसोसिएट्स | ९८४१३७८२७३ |
| ४१ | श्री राष्ट्रिय आधारभूत विद्यालय आधामारा इ. गा.पा. ६ | ९८६५१७२०७६ | नारायण गौतम एण्ड एसोसिएट्स | ९८४१३७८२७३ |
| ४२ | श्री राष्ट्रिय माध्यमिक विद्यालय गर्दाश इ. गा.पा. ७ | ९८५५०८०२९२ | अच्युत ढकाल एण्ड एसोसिएट्स | ९८४१४३७९१८ |
| ४३ | श्री आदर्श आधारभूत विद्यालय दाहाखानी इ. गा.पा. ७ | ९८४५०५५७१३ | नारायण गौतम एण्ड एसोसिएट्स | ९८४१३७८२७३ |
| ४४ | श्री राष्ट्रिय आ. विद्यालय खेतबारी इच्छाकामना इ.गा.पा. ७ | ९८४५२१०२१४ | सि. एन. सुमन के. एण्ड एसोसिएट्स | ९८०२३५१९०० |
| ४५ | श्री देउराली राष्ट्रिय आ. विद्यालय सुन्दरवस्ती इ. गा.पा. ७ | ९८४५०७९६४९ | हरिहर शर्मा आचार्य एण्ड एसोसिएट्स | ९८५११४२६४५ |
| ४६ | श्री रानीखोला माध्यमिक विद्यालय सिमलढाप इ. गा.पा. ७ | ९८४५८५६४८२ | पाण्डे एस एण्ड एसोसिएट्स | ९८५५०५३०८८ |

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

| क्र.स | विद्यालयको नाम | सम्पर्क नं | लेखापरीक्षक फारमको नाम | सम्पर्क.न |
|---|---|---|---|---|
| ४७ | श्री राष्ट्रिय आधारभूत विद्यालय उपरदाङगढी इ. गा.पा. ७ | ९८४५१७८८४२ | के. गिरी एण्ड एसोसिएट्स | ९८६२३३८०११ |
| ४८ | श्री चण्डेश्वरी राष्ट्रिय आ. विद्यालय स्याङ्दी इ. गा.पा. ७ | ९८५५०२०९०९ | एम.एस. भट्टराई एण्ड एसोसिएट्स | ९८६००३८७६५ |
| ४९ | श्री राष्ट्रिय आधारभूत विद्यालय सानोभोर्ले इ. गा.पा. ७ | ९८४६७३५४७० | एल. पौडेल एण्ड एसोसिएट्स | ९८०९७९७०४५ |
| ५० | श्री राष्ट्रिय आधारभूत विद्यालय कापे इ. गा.पा. ७ | ९८४८४४९९४७ | टी. एन. खनाल एण्ड एसोसिएट्स | ९८४१२१२६०५ |

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

**निर्णय नं.१९:** यस गाउँपालिका अन्तर्गतका सरकारी विद्यालयहरुमा कार्यरत बालविकास शिक्षक, विद्यालय कर्मचारी, राहत तथा अनुदानमा कार्यरत करारका शिक्षकहरुको करार म्याद थपको लागि सम्बन्धित विद्यालयको लिखित अनुरोधमा गाउँपालिकाबाट एकमुष्ट रुपमा करार म्याद थपको निर्णय गरी सम्बन्धित विद्यालयलाई जानकारी गराउने र उक्त विद्यालयले सबै करारका शिक्षकहरुको करार सम्झौता तयार पारी करार सम्झौता गरी कामकाजमा लगाउने।

**निर्णय नं.२०:** कार्यालय प्रयोजनको लागि खरिद गरिएको सिसाको फ्रेम सहितको नेपालको नक्साको प्राप्त बिल बमोजिमको रकम सम्बन्धित आपूर्तिकर्ताको नाममा भुक्तानी दिने।

**निर्णय नं.२१:** यस गाउँपालिकाको नाममार रहेको ना १ ब ३८२५ नम्बरको मोटरसाइकल इलाका प्रहरी कार्यालय, मुग्लिङ्गलाई हस्तान्तरण गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ्
गाउँपालिका अध्यक्ष